22ND OF SEPT

यो आकाशवाणी हो

मुख्य समाचार

1. प्रधानमन्त्री मोदीद्वारा अरुणाचलमा एक्कावन करोडभन्दा बढीका परियोजनाको शुभारम्भ
2. नयाँ पुस्ताका जीएसटी सुधार आजदेखि लागू
3. नवरात्रि सुरु भएसगौ 25 लाख परिवारलाई निःशुल्क पीएम उज्ज्वला कनेक्शन
4. प्रधानमन्त्री मोदीदले दिनुभयो नवरात्रिको शुभकामना
5. नेपालकी प्रधानमन्त्री सुशीला कार्कीले दिनुभयो पाँच नयाँ मन्त्रीको सिफारिस
6. मुख्यमंत्री रेखा गुप्ताद्धारा स्वास्थ्य जाँच शिविरको निरीक्षण

--------------

## प्रधानमन्त्री मोदीद्वारा अरुणाचलमा एक्कावन करोडभन्दा बढीका परियोजनाको शुभारम्भ

प्रधानमन्त्री नरेन्द्र मोदीले आज अरुणाचल प्रदेशमा एकाउन करोड रुपैयाँभन्दा बढी लागतका पूर्वाधार परियोजनाहरूको शुभारम्भ गर्नुभयो। श्री मोदीले शि योमी जिल्लामा दुई प्रमुख जलविद्युत् परियोजनाहरुको शिलान्यास र तवाङमा एक सम्मेलन केन्द्रको आधारशिला भर्चुअल माध्यमबाट राख्नुभयो। साथै, सडक सम्पर्क, स्वास्थ्य सेवा र आगलागी सुरक्षा जस्ता क्षेत्रमा समेटिएका 1 हजार 2 सय 90 करोड रुपैयाँभन्दा बढीका परियोजनाहरूको पनि उद्घाटन गर्नुभयो।

इटानगरमा आयोजित जनसभामा प्रधानमन्त्रीले भन्नुभयो...

प्रधानमन्त्रीले एनडीए सरकारको कार्यकालमा केन्द्रीय मन्त्रीहरूले 800 भन्दा बढी पटक पूर्वोत्तर भ्रमण गरेको अनि उहाँ स्वयं प्रधानमन्त्री भए पछि 70 भन्दा भन्दा अधीक पटक भ्रमण गरेको जानकारी दिनुभयो । “हामी पूर्वोत्तरका आठै राज्यलाई देवी लक्ष्मीको स्वरूप मान्छौं, त्यसैले यो क्षेत्र विकासमा पछि नपरोस् भन्ने हाम्रो संकल्प छ,” उहाँले भन्नुभयो।

त्यस पछि प्रधानमन्त्री नरेन्द्र मोदीले आज प्रसाद योजना अन्तर्गत त्रिपुरास्थित माता त्रिपुर सुन्दरी मन्दिरको विकास कार्यहरूको उद्घाटन गर्नुभयो। यससँगै राज्यको समृद्ध सांस्कृतिक तथा धार्मिक सम्पदामा नयाँ अध्याय सुरु भएको बताइएको छ।

**नयाँ पुस्ताका जीएसटी सुधार आजदेखि लागू**

आजदेखि नयाँ पुस्ताका वस्तु तथा सेवा कर (जीएसटी) सुधारहरू लागू भएका छन्। नयाँ कर संरचनाअनुसार, जीएसटी परिषद्ले अप्रत्यक्ष कर प्रणालीलाई चार तह (5%, 12%, 18% र 28%) बाट घटाएर दुई तह—5% र 18% मा सीमित गरेको छ।यी सुधारहरू मार्फत विभिन्न वस्तु र सेवामा करभार कम हुने र सर्वसाधारण नागरिकलाई प्रत्यक्ष आर्थिक राहत पुग्ने विश्वास व्यक्त गरिएको छ। यस अवसरमा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले प्रधानमन्त्री नरेन्द्र मोदीले वस्तु तथा सेवा कर (जीएसटी) मा कर दर घटाउने ऐतिहासिक निर्णय गरेको बताउनुभएको छ। उहाँका अनुसार, यस कदमले हरेक परिवारलाई खर्च बचतमा सहयोग पुग्नेछ। नयाँ दिल्लीमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री वैष्णवले नागरिकलाई दैनिक जीवनमा स्वदेशी उत्पादनहरूको प्रयोग गर्न आग्रह गर्नुभयो। उहाँले व्यापारी र उपभोक्ता दुवै यस निर्णयबाट सन्तुष्ट रहेको जानकारी दिनुभयो।

## ईटानगरमा प्रधानमन्त्री मोदीद्वारा स्थानीय उद्यमीहरूसँग अन्तरक्रिया

प्रधानमन्त्री नरेन्द्र मोदीले आज अरुणाचल प्रदेशको ईटानगरमा स्थानीय व्यापारी र उद्यमीहरूसँग भेटवार्ता गर्नुभयो। सामाजिक सञ्जालमा गरिएको पोस्टमा प्रधानमन्त्रीले जानकारी दिनुभयो कि व्यापारीहरूले सुगन्धित चिया, स्वादिष्ट अचार, बेसार, बेकरी उत्पादन र हस्तकला सहितका स्थानीय उत्पादनहरूको आकर्षक प्रदर्शनी गरेका थिए।

श्री मोदीका अनुसार, व्यापारीहरूले हालैका जीएसटी सुधारहरूको उच्च प्रशंसा गरेका छन्। यस अवसरमा जीएसटी बचत उत्सव को पनि शुभारम्भ गरिएको थियो। प्रधानमन्त्रीले बताएअनुसार, यी सुधारहरूले माछापालन, कृषि र अन्य स्थानीय उद्यमजस्ता प्रमुख क्षेत्रमा नयाँ सम्भावना र प्रत्यक्ष लाभ दिलाउनेछन्।

## नवरात्रि सुरु भएसगौ 25 लाख परिवारलाई निःशुल्क पीएम उज्वला कनेक्शन

नवरात्रि शुरुभएसगै सरकारले 28 लाख नयाँ पात्र परिवारलाई निःशुल्क प्रधानमन्त्री उज्वला योजना अन्तर्गत ग्यास कनेक्शन उपलब्ध गराउने निर्णय गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले आज उज्वला परिवारमा सामेल हुने सबै आमाहरू र बहिनीहरूलाई शुभकामना व्यक्त गर्नुभयो। सामाजिक सञ्जालमा गरिएको पोस्टमा उहाँले भन्नुभयो कि सरकारले लिएको यस कदमले केवल पावन पर्वमा नयाँ खुशी दिने मात्र होइन, महिलाको सशक्तिकरणको संकल्पलाई पनि बलियो बनाउनेछ।

## प्रधानमन्त्री मोदीद्वारा नवरात्रि शुभकामना

प्रधानमन्त्री नरेन्द्र मोदीले नवरात्रि पर्वको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा गरिएको पोस्टमा उहाँले आशा व्यक्त गर्नुभयो कि यो पावन पर्वले प्रत्येक व्यक्तिको जीवनमा शक्ति र संकल्पको प्रवाह ल्याओस्।

प्रधानमन्त्रीले सबैको स्वास्थ्य र समृद्धिको लागि माता दुर्गाका आशीर्वादको कामना गर्नुभएको छ। यस वर्ष नवरात्रि विशेष अर्थपूर्ण रहेको उल्लेख गर्दै उहाँले जीएसटी बचत उत्सवसँगै स्वदेशी उत्पादन अभियानलाई नयाँ ऊर्जा मिल्ने बताउनुभयो। साथै, विकसित र आत्मनिर्भर भारतको लक्ष्य प्राप्त गर्न सबैमा सामूहिक प्रयासको आह्वान गर्नुभयो।

## मोरक्कोमा भारत–मोरक्को रक्षा सहयोग सम्झौता

मोरक्को-को रबातमा भारतका रक्षामन्त्री राजनाथ सिंह र मोरक्कोका रक्षामन्त्री अब्दुमल लतीफ लौदी-ई-बीच द्विपक्षीय बैठकको क्रममा रक्षा सहयोगमा सम्झौता भएको छ। राजनाथ सिंहले बताएअनुसार, दुवै पक्षले आतंकवाद विरोधी, समुद्री सुरक्षा, साइबर सुरक्षा, शान्ति, सैनिक स्वास्थ्य, प्रशिक्षण र रक्षा उद्योगमा सहकार्य प्रवर्द्धन गर्न एक व्यापक रोडम्यापमा सहमति जनाएका छन्। रक्षामन्त्री दुई दिनको औपचारिक मोरक्को भ्रमणमा हुनुहुन्छ।

## नेपालमा प्रधानमन्त्री सुशीला कार्कीले दिनुभयो  पाँच नयाँ मन्त्रीको सिफारिस

नेपालमा नवनिर्वाचित प्रधानमन्त्री सुशीला कार्कीले अन्तरिम सरकारका लागि पाँच नयाँ मन्त्रीको नाम सिफारिस गर्नुभएको छ। सर्वोच्च अदालतका पूर्व न्यायाधीश

अनिल कुमार सिन्हालाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, विधि तथा न्याय मन्त्रालय, र भूमि सुधार, सहकारी तथा गरिबी उन्मूलन मन्त्रालयको जिम्मेवारी दिइनेछ। शिक्षाविद् महावीर पुनलाई शिक्षा तथा विज्ञान र प्रविधि मन्त्रालयको नेतृत्व गर्न नियुक्त गरिनेछ।

कृषिविद् मदन प्रसाद परियारलाई कृषि मन्त्रालयको जिम्मेवारी दिइनेछ।

वरिष्ठ पत्रकार जगदीश खरेललाई सूचना तथा संचार मन्त्रालयको जिम्मेवारी दिइएको छ। श्री खरेल इमेज मिडिया ग्रुपमा समाचार प्रमुख हुनुहुन्छ। राष्ट्रपति रामचंद्र पौडेलले संगीता मिश्रालाई स्वास्थ्य मन्त्रालयको नेतृत्व गर्न नियुक्त गर्नुहुने छ, यसअघि उहा स्वास्थ्य मन्त्रालयमा अतिरिक्त सचिव हुनुहुन्थ्यो। अन्तरिम मन्त्रिपरिषदमा यसअघि तीन मन्त्रीहरू रहेका छन्: रमेशोर खनाल वित्त मन्त्री, कुलमान घीसिंग ऊर्जा, जलस्रोत र सिंचाई मन्त्री, तथा ओम प्रकाश आर्यल गृह मन्त्री।

## मुख्यमंत्री रेखा गुप्ताद्धारा स्वास्थ्य जाँच शिविरको निरीक्षण

दिल्लीकी मुख्यमंत्री रेखा गुप्ता आज अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स), दिल्लीमा आयोजित स्वस्थ नारी, सशक्त परिवार अभियान अन्तर्गत स्वास्थ्य जाँच शिविरको निरीक्षण गर्नुभएको छ।

उहाँले जानकारी दिनुभयो कि 17 सेप्टेम्बरदेखि 2 अक्टोबरसम्म दिल्लीसहित सम्पूर्ण देशभर स्वास्थ्य जाँच शिविर सञ्चालनमाछन्, जहाँ महिलाहरूलाई सबै प्रकारको जाँच निःशुल्क उपलब्ध हुदैछ। निरीक्षणको क्रममा मुख्यमन्त्री गुप्ताले आफ्नो रक्तचाप पनि जाँच गराउनुभयो।

सेवा पखवाडा अन्तर्गत आयोजित यस पहलले महिलाको स्वास्थ्य र सशक्तिकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ। उहाँले महिलाहरूलाई आग्रह गर्नुभयो कि यस अवसरमा अवश्य सहभागी भई स्वास्थ्य जाँच गराउनुपर्छ।